# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, पुस ६ गते २०४६ साल (अतिरिक्ताङ्क ५३

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

विभूषण (उनन्तीसौं संशोधन) नियमावली, २०४६

विभूषण नियमावली, २०२३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट देहायबमोजिमको नियमावली स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम "विभूषण (उनन्तीसौं संशोधन) नियमावली, २०४६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. विभूषण नियमावली, २०२३ को नियम २ मा संशोधनः विभूषण नियमावली, २०२३ को नियम २ को सट्टा देहायको नियम २ राखिएको छः–

"२. मानपदवीका परमाधिपति एवं पृथुलाधीशः (१) नेपाल अधिराज्यका मानपदवीहरूका परमाधिपति श्री ५ महाराजाधिराज होइबक्सनेछ।

(२) श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यका मानपदवीहरूका पृथुलाधीशको ओहदा श्री ५ युवराजाधिराज वा अन्य कुनै नेपाली नागरिकलाई बक्सन सकिबक्सनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

तर श्री ५ महाराजाधिराजबाट श्री ५ युवराजाधिराज वा अन्य कुनै नेपाली नागरिकलाई नेपाल अधिराज्यका मानपदवीहरूका पृथुलाधीशको ओहदा नबक्सेसम्म पृथुलाधीशले गर्नुपर्ने सबै काम श्री ५ महाराजाधिराजबाट तोकिबक्सेको व्यक्तिले चलाउनेछ ।

(३) श्री ५ महाराजाधिराजबाट श्री ५ युवराजाधिराजलाई नेपाल अधिराज्यका मानपदवीहरूका पृथुलाधीशको ओहदा बक्सने उपलक्ष्यमा हुने समारोह तथा श्री ५ युवराजाधिराजबाट मानपदवी पैह्रिबक्सने प्रक्रिया श्री ५ महाराजाधिराजबाट तोकिबक्से बमोजिम हुनेछ ।"

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६५० 
मुद्रण विभाग, सिंहदरबार